# बार्षिक नीति, बजेट तथा कार्यक्रम

## आ.ब. ०८२/८३

शिखर नगरपालिका

तलकोट, डोटी

CamScanner

# बार्षिक नीति, बजेट तथा कार्यक्रम

## आ.ब. ०८२/८३

**शिखर नगरपालिका**

तलकोट, डोटी

CamScanner

# शिखर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८२-०८३

आदरणीय नगरसभा सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

शिखर नगरपालिकाको १७ औं अधिवेशनमा यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु। आर्थिक वर्ष २०८२-०८३ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै गर्व लागेको छ। नेपालमा नागरिक सर्वोच्चता, लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै उहाँहरूको आत्माको चीरशान्तिको कामना गर्दछु। देशमा सुशासन कायम गरी जनतालाई अधिकार दिलाउन भएका आन्दोलनका क्रममा घाइते भई शारीरिक तथा मानसिक रूपमा पीडित हुनुभएका महान् व्यक्तित्वहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु।

प्रजातान्त्रिक प्रणालीको नवीनतम आयाम अनुरुप लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समुन्नत पालिका निर्माणका लागि नगरवासीको अमूल्य मतबाट यस नगरपालिकाको जिम्मेवारी प्राप्त गरी कार्यसम्पादन गरेको तीन आर्थिक वर्ष भइसकेको छ। नगरको सर्वाङ्गीण हितलाई केन्द्रबिन्दुमा राखी विगतमा सञ्चालित योजना/कार्यक्रमहरूलाई सम्पन्न गर्ने दिशामा, नयाँ नवप्रवर्तन क्षेत्रगत योजनाहरू पहिचान गरी आर्थिक वर्ष २०७९-८०, २०८०-८१, २०८१-८२ मा क्रमिक रूपमा योजना तथा कार्यक्रम सञ्चालन गरिएको विदित गराउन चाहन्छु।

विश्व अर्थतन्त्रमा देखिएको प्रभाव, राष्ट्रले लिएको आर्थिक तथा वित्तीय नीति अनुरुपको देशको अर्थतन्त्र सबलीकरण गराउने रणनीति र पछिल्लो समयमा खस्कँदो आर्थिक अवस्थाबाट यस नगरपालिका पनि अछुतो रहन नसकेको व्यहोरा सम्पूर्णमा विदितै छ। सोही अनुरुप यस नगरपालिकामा पनि गत वर्षका नीति, रणनीति र तयार गरिएका कार्यक्रममा उपयुक्त रूपमा पहिचान भएका स्थानीय स्रोतसाधन, सम्भावित राजस्व सङ्कलनका क्षेत्र, आन्तरिक आय सङ्कलनमा समुचित व्यवस्थापन गर्दै वृहत्तर हितमा न्यूनतम कार्य गर्न राष्ट्रियस्तरमा नै आर्थिक सङ्कुचन हुँदा, कतिपय **लोककल्याणकारी कार्यहरू समेत सम्पादन गर्न नसकेको र यसबाट समाजमा पनि गएको असरप्रति अत्यन्तै गम्भीर भएको छु।**



सुनिता रावल जोरा
नगर उप-प्रमुख

दिर्घ ब.बलायर
नगर प्रमुख

तथापि, सङ्कुचित आन्तरिक स्रोतलाई क्षेत्रगत रूपमा फरक पार्दै, सूचकगत सुधारमा केन्द्रित भएर, **दिगो, योजनाबद्ध, समन्वयात्मक, फरक किसिमको, मागमा आधारित विकासका निम्ति प्रतिबद्ध रहेको समेत अवगत गराउँदछु।** शिखर नगरपालिकाको सर्वोपरी हितका लागि सहयोग गर्ने सबै निकाय तथा पदाधिकारी एवं व्यक्तित्वहरूप्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा समेत सहकार्य र समन्वयका लागि अपील गर्दछु। यस अवधिमा प्राप्त सुझाव, सल्लाहलाई आत्मासात् गर्दै नगरको हितमा गरिएका रचनात्मक र सकारात्मक आलोचना सहर्ष स्वीकार गर्दछु।

## २. शिखर नगरपालिकाको संक्षिप्त परिचय

शिखर नगरपालिकाको नीति तथा कार्यक्रमहरू आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम सोही तर्फ निर्देशित रहेको छ। यसले जनतासँग प्रत्यक्ष सम्बन्ध र संम्पर्क रहने कार्यरत् कर्मचारीहरूको क्षमता विकास, स्रोत साधनमा वृद्धि र प्रणालीगत सुशासन विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरेको छ। शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, सरसफाइ, विपद् व्यवस्थापन, न्याय निरूपण, मानव अधिकार प्रवर्द्धन, वित्तीय सुशासन जस्ता विषयगत क्षेत्रहरूका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम शिखर नगरपालिकाको आर्थिक वर्ष २०८२-०८३ को वार्षिक नीति तथा कार्यक्रम यस सम्मानित नगरसभाको १७औं अधिवेशन समक्ष प्रस्तुत गरिँदै छ।

सुदूरपश्चिम प्रदेश अन्तर्गत डोटी जिल्लामा रहेको यस नगरपालिका वि.सं. २०७३ सालमा नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत राज्य पुनर्संरचनामा स्थानीय तहको नयाँ सिमाङ्कन गर्दा साविकका ९ वटा गाउँ विकास समितिहरू (कपल्लेकी, मुडेगाउँ, मुडभरा, पचनाली, तिजाली, लाटामाण्डौं, जिजोडामाण्डौं, बनलेक एवं बारवाटा) समावेश भई स्थापना भएको थियो। जम्मा ११ वटा वडामा वर्गीकरण गरिएको यस नगरपालिकाको कुल क्षेत्रफल केन्द्रिय तथ्याङ्क कार्यालय तथ्याङ्क अनुसार २८५.८५ वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन अनुसार यहाँको जम्मा परिवार सङ्ख्या ७०१६ र जनसङ्ख्या ३०,३९९ रहेको छ, जसमा १७०४७ (५६.०३%) महिला र १३३५२ (४३.९७%) पुरुष रहेका छन्।



सुनिता रावल जोरा
उप-प्रमुख

शिखर नगरपालिकाका ११ वटै वडा कार्यालयहरू आफ्नै भवनबाट सञ्चालित रहेका छन्। प्राकृतिक र धार्मिक दृष्टिकोणले अत्यन्तै महत्त्व राख्ने महाभारत ग्रन्थमा वर्णित शिखर नगरपालिकाको तल्लो क्षेत्रमा सेती नदी रहेको हुँदा लेकदेखि बेसी (औल) सम्मको हावापानी यस क्षेत्रमा पाइन्छ। यस क्षेत्रलाई प्राकृतिक स्रोत साधनको दृष्टिकोणले डोटी जिल्लाकै महत्त्वपूर्ण स्थानीय तहको रूपमा लिन सकिने प्रशस्त आधारहरू रहेका छन्।

नगरपालिकाका लागि अत्यावश्यक ऐन, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डहरू निर्माण भएका छन् भने आवश्यक कर्मचारी र कार्यालयका लागि न्यूनतम पूर्वाधार निर्माण भएको छ। १० वटा वडाहरूमा मोटर बाटो पुगेको छ भने एउटा वडामा सडक निर्माणको कार्य जारी छ। सेती नदीमा निर्माणाधीन मोटरेबल पुल अधुरो हुँदा वडा नं ११ लाई राजमार्गसँग जोड्न कठिन भएको छ। नगरका केही ग्रामीण सडकहरू कालोपत्रे र ट्र्याक कटिङ्ग भई विस्तार हुँदै गएको अवस्था छ। सबै वडा कार्यालयबाट प्रविधिको माध्यमबाट सेवा दिंदै आएको र यसको गुणस्तर अभिवृद्धि गर्दै लैजाने योजना समेत रहेको छ।

भौतिक पूर्वाधार निर्माणका लागि स्काभेटर, टिपर, एम्बुलेन्स, नगर बस, स्वास्थ्यतर्फ स्वास्थ्य चौकी, प्रसूति गृह, आँखा उपचार केन्द्रको सेवा, आर्युवेद सेवा लगायतका सेवाहरू सञ्चालनमा रहेका छन्। सुविधा सम्पन्न विद्यालय भवन, खेलमैदान लगायतका केही महत्त्वपूर्ण र शिखर नगरपालिकाको विकासमा दूरगामी महत्त्व राख्ने पूर्वाधारहरू निर्माणको क्रममा छन्। साथै शिक्षा क्षेत्रमा शैक्षिक सुधारको महत्त्वपूर्ण नीति अन्तर्गत विद्यालय समायोजन, शिक्षक मिलान गरिएको छ। नगरका ग्रामीण भेगलाई नगरमा सहज रूपमा जोड्ने र एक वडालाई अर्को वडासँग जोड्ने अभियानले सडक सञ्जाल विस्तार गर्ने कार्य भइरहेको छ। शिखर नगरको गौरवको योजना अन्तर्गत शिखर रिङरोडको अवधारणा अघि सारिएको छ।

## ३. शिखर नगरका अवसर तथा चुनौतीहरू

शिखर नगरपालिका र नगरवासीको समृद्ध र सर्वाङ्गीण विकासका गतिविधि सञ्चालन गर्नका निम्ति नगरमा उपलब्ध सीमित स्रोत साधनको उपयोगबाट विकासका थुप्रै आवश्यकताहरू परिपूर्ति गर्नुपर्ने चुनौती रहँदा रहँदै पनि यस नगरपालिकाको समग्र आवश्यकता पूरा गर्न र समृद्ध शिखर निर्माण गर्न पूर्वाधारका रूपमा **थुप्रै सम्भावना र अवसरहरू पहिचान भएका छन्।**



सुनिता रावल जोरा
नगर उप-प्रमुख

दिर्घ ब.बलायर
नगर प्रमुख

CamScanner

**३.१ चुनौतीहरू:** शिखर नगरपालिकामा उच्च पहाडी, लेकाली र बेसी मिश्रित भूभाग भएको हुँदा **सीमित स्रोतसाधनले छोटो समयमा तीव्र गतिमा विकास गर्न असम्भव जस्तै छ।** यस नगरपालिकामा बग्ने सेती नदी र शाखा खोलाहरूका कारण बाढी पहिरो, डुबान, कटान लगायतका विपत्तिहरूको जोखिम रहेको छ। सेती नदीमा आउने बाढी र नदी कटान नियन्त्रण निकै चुनौतीपूर्ण छ, जसका लागि ठुलो लगानीका योजनाहरूको आवश्यकता छ। राजमार्गसँग नगरका वडा तथा बस्तीहरू जोड्ने कच्ची सडकका कारण दुर्घटनाको जोखिम पनि उत्तिकै रहेको छ। ग्रामीण सडकहरू खोल्न वार्षिक सरसफाइ गरे पनि नियमित सञ्चालन गर्न कठिनाई छ। बजेट अभावका कारण सडक स्तरोन्नति, कालोपत्रे, ट्र्याक कटिङ्ग गर्न नसक्दा जनता असुरक्षित यात्रा गर्न बाध्य छन्।

नगरपालिकाबासीका अधिकांश घरहरू पुराना, जीर्ण एवं ढुंगामाटोले निर्मित छन्। यस क्षेत्रमा भूकम्पको पनि निकै जोखिम छ। ठुलो खाले भूकम्प गएको अवस्थामा यहाँ ठुलो मात्रामा धनजनको क्षति हुने सम्भावना रहेको छ। पालिकाको सीमित स्रोत र गरिबीको रेखामुनी रहेको समुदायले मापदण्ड अनुरुप, भूकम्प प्रतिरोधात्मक घरहरू निर्माण गर्नसक्ने अवस्था छैन। यसमा संघीय र प्रदेश सरकारले विशेष चासो देखाउन जरुरी छ। साविकदेखि प्रयोग गर्दै आएको प्राकृतिक सम्पदाहरूको प्रयोग गर्दा सरकारलाई बुझाउनुपर्ने राजस्व सङ्कलन गर्ने सन्दर्भमा स्थानीय बासिन्दाहरूलाई समयमै कर तिर्ने बानीको विकास गर्नु/गराउनु हाम्रो अर्को मुख्य चुनौती रहेको छ।

कृषि, वन वातावरण तथा अन्य पूर्वाधार र सशक्तिकरणका कार्यक्रमहरूमा विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रबाट वर्षैनी लाखौं लगानी भएतापनि खाद्य असुरक्षा, गरिबी, असमानता, जातीय विभेद, छुवाछुत, महिला हिंसाका घटनाहरूबाट पार पाउन सकिएको छैन। शान्ति सुरक्षाको अवस्था चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन सकिएको छैन। दुर्व्यसनिता, निरक्षरता र अदक्षताले गाँजिरहेको छ। नगरपालिकाको आन्तरिक आयस्रोत अत्यन्तै न्यून हुनु, विकासको प्रतिफल लक्षित समुदायसम्म पुर्याउन नसक्नु थप चुनौतीका रूपमा रहेका छन्। नगरपालिका र वडाहरूले शून्य अवस्थाबाट काम सुरु गर्दा धेरै कठिनाईहरू व्यहोर्नु परिरहेको छ। उल्लिखित चुनौतीहरूको बावजुद सबै सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा दिगो



सुनिता रावल जोरा
नगर उप-प्रमुख

दिर्घ ब. बलायर
नगर प्रमुख

विकास गरी यसका प्रतिफल लक्षित समुदायसम्म पुर्याउन हामीले सामूहिक प्रयास गर्न निरन्तर आवश्यक रहेको कुरा स्मरण गराउन चाहन्छु।

सबै वर्ग, क्षेत्र, जातजाति, उमेर समूह, लिङ्ग, विपन्न वर्ग, असहाय, अपाङ्गता भएका व्यक्तिहरूलाई विकासको मूल प्रवाहमा ल्याई समुन्नत नगर बनाउनुपर्नेमा प्रतिवद्ध भएर लाग्नुपर्ने अवस्था रहेको छ। केही चुनौतीहरू बिन्दुगत रूपमा प्रस्तुत गरेका छौं:

- करिब ७० प्रतिशत भूभाग ऐलानी, पर्ती तथा वन क्षेत्र रहेकाले भू-उपयोग नीति तथा भू-उपयोग योजना कार्यान्वयन गर्नु/गराउनु।
- भौतिक पूर्वाधार सम्बन्धी विकास निर्माणका कामहरू सञ्चालन गर्नु र आम नागरिकको बसोबासलाई व्यवस्थित गर्नु।
- सीमित स्रोतसाधन, विविधतायुक्त भूगोल र छरिएको बसोबासका कारण विकासका आवश्यकताहरू छोटो समयमा पूरा गर्न कठिनाई हुनु।
- आर्थिक विकासका लागि राजस्वको सङ्कलन एवं परिचालनका नयाँ क्षेत्रको खोजी गरी व्यवस्थापन गर्न कठिनाई हुनु।
- साविक तहको योजना तर्जुमा प्रक्रिया पूरा गरी योजना माग, छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा कानूनी व्यवस्था अनुरुपको उत्तरदायित्व पूरा गर्न साना साना योजनालाई वडा तहबाट सम्बोधन गर्न लगाई मझौला आकारका योजनामा नगरपालिकाको बजेट केन्द्रित गर्न नसकिएको।
- उपभोक्ता समितिको काम कारबाहीमा पारदर्शिता, जवाफदेहिता र अर्थपूर्ण जनसहभागिता कायम गराउनु।
- ठेक्का तथा उपभोक्ता समिति मार्फत् गरिने कार्य समयमा सम्पन्न गर्न कठिनाई।
- विकासमा आर्थिक अनुशासन कायम गर्न सहज नभएको।
- भौगोलिक विकटताका कारण पूर्वाधार विकासमा कठिनाई रहेको।
- करदाताहरूलाई करको दायरामा समेट्न कठिनाई रहेको।
- कर तिर्ने बानीको विकास गर्दै करदातालाई प्रोत्साहित गर्न कठिन रहेको।
- नदीजन्य पदार्थ वार्षिक ठेक्का लगाई राजस्व सङ्कलन गर्न कठिनाई।
- संघ र प्रदेश सरकारका योजनाहरू यस क्षेत्रको प्राथमिकतामा नपर्नु।



सुनिता सवल जोशी
नगर उप-प्रमुख

दिर्घ ब. बलायर
नगर प्रमुख

- लागू औषधि सेवनकर्ता बालबालिका र युवाहरूको वृद्धि हुनु।
- बसाईंसराईंको दर वृद्धि हुनु हाम्रो लागि निकै चुनौतीपूर्ण छ।

**३.२ अवसरहरू:** डोटी जिल्लामा शिखर नगरपालिका ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक तथा धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्र भएकाले विशेष **पर्यटकीय केन्द्रको रूपमा विकास हुने सम्भावना छ**। विविध धार्मिक एवं प्राकृतिक सौन्दर्यले भरिपूर्ण शिखर धार्मिक क्षेत्र लाटाकाफली, केदारेश्वर, सालमुनी एवं भागेश्वर, गहनान लगायतका शक्तिपीठहरू, सेती नदी एवं तालतैलया, देउताल, खरताल, लगायतका महत्त्वपूर्ण ऐतिहासिक ताल तलैयाहरू, जडीबुटी, वन पैदावार, कृषि, पशुपालन, नगदेबाली लगायतका थुप्रै सम्भावनाका क्षेत्रहरू छन्। यी क्षेत्रहरूको प्रभावकारी प्रयोग र दिगो विकास गरी आत्मनिर्भर अर्थतन्त्रको विकास मार्फत विकासका क्षेत्रमा अहिलेसम्म भएका सकारात्मक प्रयास, राजनीतिक दलहरूबाट भएको सहयोग, विकास साझेदारहरूको प्रयास, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूको सहयोग, समन्वय र सहकार्य, निजी क्षेत्रको प्रवेश, सञ्चारकर्मी तथा नागरिक समाज लगायत शिखरबासीको विकासप्रति रहेको चासो शिखरको समग्र विकासका लागि अवसरका रूपमा लिएको छ।

अन्य महत्त्वपूर्ण अवसरहरू निम्न रहेका छन्:

- अन्न बालीका लागि नदी खोला किनारको समथर भूमि तथा तरकारी, फलफूल, बेसार एवं अन्य नगदेबालीका लागि पहाडी भूभाग निकै उर्वर रहेकाले **कृषिजन्य उत्पादनको बढोत्तरी र पशुपन्छी पालनको प्रवर्द्धनको प्रचुर सम्भावना रहेको छ**।
- "एक वडा एक उत्पादन" सहित पकेट क्षेत्र निर्माण गर्न सकिन्छ।
- नदीजन्य पदार्थ, जडीबुटी तथा वनजन्य पदार्थको प्रचुरता रहेको र सोको वातावरणमैत्री उपयोगबाट आन्तरिक आम्दानी बढोत्तरी गर्ने सम्भावना रहेको छ।
- साहसिक खेल (बन्जी), प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं जैविक सम्पदाहरूको संरक्षण र प्रचारप्रसारबाट पर्यटन क्षेत्रको विकास गरी नागरिकको आयस्तर बढाउन सकिने सम्भावना रहेको छ।
- जातीय विविधतालाई आय आर्जन तथा सामाजिक विकासका रूपमा विकासयोग्य रहेको।
- परम्परागत सीप सिर्जनाको जगेर्ना गर्दै आर्थिक समृद्धिको सम्भावना रहेको।



सुनिता रावल जोरा
नगर उप-प्रमुख

दिर्घ ब. बलायर
नगर प्रमुख

CamScanner

- सहकारीको बलियो आधारका रूपमा कृषि (आलु, धान, मकै, गहुँ, कोदो, दलहन, दूध, फलफूल लगायत तरकारी व्यवसाय) उत्पादनका लागि सामुदायिक परिचालन र सहकार्यको उर्वर भूमि एवं क्षेत्र रहेको।
- पर्यटकीय प्रवर्द्धनमा सेती नदीमा वाटर बोट सञ्चालन, पर्या-पर्यटन अन्तर्गत होमस्टे सञ्चालन, प्याराग्लाइडिङ्ग, पदमार्ग निर्माण गरी स्थानीय समुदायलाई स्थायी जीविकोपार्जनमा जोडी आय स्तर वृद्धि गर्न सकिने।
- नगर तथा सबै वडा कार्यालयको भवन तथा स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भइसकेकाले सेवा प्रवाह सहज हुने अवस्था छ।
- विगतमा शिक्षाको उर्वर भूमिको रूपमा पहिचान बनाएका यस नगरपालिका क्षेत्रका विद्यालयहरूको शैक्षिक गुणस्तरमा वृद्धि, विद्यार्थीको स्तरोन्नति, प्राविधिक शिक्षा सञ्चालन गरेर **शैक्षिक हबका रूपमा विकास गर्न सकिने**।
- उच्च पहाडी भेगमा अवस्थित तेले लेक, महाभारत, वन्यजन्तुको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गरेर पर्यटन भित्र्याउन सकिने।
- दानव गुफा, देउल, पशुपतिनाथ, भागेश्वर, सालमुनी लगायतका सयौं धार्मिकस्थलहरूको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसार गरेर धार्मिक पर्यटनको विकास गर्न सकिने।
- सेतीका सहायक खोला गाडहरूबाट बिजुली उत्पादन गरेर बिजुलीमा आत्मनिर्भर बनाउन सकिने।

## ४. सुधारका क्षेत्र

शिखर नगरपालिकाले विभिन्न क्षेत्रमा सुधार ल्याउन निम्न महत्त्वपूर्ण पक्षहरूमा केन्द्रित हुने नीति लिएको छः

- नगरमा सुशासनको प्रत्याभूति गराउनु।
- विद्युतीय, अनलाइन माध्यमद्वारा सेवा प्रवाह गर्न।
- संघ र प्रदेश सरकार र अन्तर्गतका निकायहरू, सहकारी संस्था वन उपभोक्ता समिति, खानेपानी समितिहरू, एनजीओ/आईएनजीओहरू एवं स्थानीय सामाजिक र धार्मिक संघहरूसँग समन्वय गरी कार्य गर्न।
- कार्य मैत्री वातावरण सिर्जना गर्न।

दिर्घ ब.बलायर
नगर प्रमुख

सुनिता रावल जोरा
नगर उप-प्रमुख

CamScanner

- पदाधिकारी, कर्मचारीहरू र अन्य विकासमा साझेदारहरूसँग समन्वय र सहकार्य गर्ने।
- विकासमा सबैको सहभागिता प्रत्याभूति दिलाउन, सबैलाई समेट्ने र सम्बोधन गर्ने।
- नगरमा रहेको प्राकृतिक सम्पदा, नदीजन्य पदार्थ, वन पैदावार चोरी निकासी तथा अवैध पैठारी नियन्त्रण गर्ने।
- उत्पादित कृषि उपजको उचित भण्डारण, बजारीकरण गरी नागरिकलाई कृषि क्षेत्रमा स्थायी आश्रित गराई दिगो जीविकोपार्जन गर्ने/गराउने।
- आर्थिक समुन्नतिका सूचकका रूपमा रहेका चुनौतीहरूलाई यथोचित सम्बोधन गर्ने।
- लागू औषधि नियन्त्रण र नियमन।

## ५. नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

शिखर नगरपालिकाको आर्थिक वर्ष २०८२-०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा निम्न ऐन, नियम तथा दस्तावेजहरूलाई आधार मानिएको छ, जसले समग्र नगरको विकास योजनालाई मार्गनिर्देश गरेको छः

- नेपालको संविधानले तोकेका राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, स्थानीय सरकारको अधिकार क्षेत्रका विषयहरू।
- नेपाल सरकारको आर्थिक वर्ष २०८२-०८३ को नीति तथा कार्यक्रम।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४।
- नेपाल सरकारको सोह्रौं आवधिक योजना।
- सुदूरपश्चिम प्रदेश सरकारको आवधिक योजना।
- शिखर नगरपालिकाको आवधिक नगर विकास योजना।
- प्रदेश तथा संघ सरकारका नीति तथा कार्यक्रमका लक्ष्य, उद्देश्य तथा प्राथमिकताहरू।
- शिखर नगरपालिकाका विभिन्न क्षेत्रगत रणनीतिहरू।
- शिखर नगरपालिकाका विगत वर्षहरूका नीति तथा कार्यक्रमहरू।
- नगरको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति।



सुनिता रावल जोरा
नगर उप-प्रमुख

दिर्घ ब.बलायर
नगर प्रमुख

CamScanner

- शिखर नगरपालिकाले हालसम्म स्वीकृत गरेका विभिन्न ऐन, नियमावली, कार्यविधि तथा दस्तावेजहरू।
- राष्ट्रिय योजना आयोगले जारी गरेको दिगो विकास लक्ष्यहरूको स्थानीयकरण सम्बन्धी स्रोत पुस्तिका।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४।
- विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन, वातावरण मैत्री, बालमैत्री तथा पोषणमैत्री स्थानीय शासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सुशासन, लक्षितवर्गको सशक्तिकरण लगायतका विकासका अन्तरसम्बन्धित विषयहरू।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा हाते पुस्तिका।
- शिखर नगरको राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, नगरको सडक यातायात गुरुयोजना।
- नेपाल सरकारले समय समयमा गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू।
- मानव विकास सूचकाङ्क।
- नगरपालिकाको तथ्याङ्कीय सामाजिक तथा भौगोलिक आधार।
- आम शिखरबासी तथा शिखर नगरपालिकामा सक्रिय राजनीतिक दलका रचनात्मक सुझाव र घोषणापत्रमा उल्लिखित प्राथमिकताहरू।
- शिखर नगरपालिकामा उपलब्ध स्रोत, साधनका अभिलेखहरू।

यी आधारहरूले नगरपालिकाको आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरूलाई यथार्थपरक, समावेशी र दिगो बनाउन मार्गदर्शन प्रदान गरेका छन्।

## ६. आगामी आर्थिक वर्षका प्राथमिकता प्राप्त प्रमुख नीति तथा कार्यक्रमहरू

शिखर नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२-०८३ मा आर्थिक विकास, सामाजिक विकास, पर्यटकीय विकास, भौतिक पूर्वाधार विकास, विपद् व्यवस्थापन, सामाजिक न्याय, सामाजिक सुरक्षा, स्थानीय न्याय सम्पादन तथा व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह र सुशासनका क्षेत्रमा सन्तुलित रूपमा उपलब्ध सीमित स्रोतको अधिकतम उपयोग गरी प्रभावकारी



दिर्घ ब.बलायर
नगर प्रमुख

सुनिता रावल जोरा
नगर उप-प्रमुख

कार्यक्रमहरू सञ्चालन गर्नेछ। यस सम्बन्धमा निम्न कार्यक्रमहरूलाई प्राथमिकतामा राखिएको छः

- **गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि** शिक्षक विद्यार्थी अनुपात बमोजिम पर्याप्त जनशक्ति व्यवस्थापन र विद्यार्थी समायोजनद्वारा शैक्षिक गुणस्तरमा सुदृढीकरण गरिनेछ।
- आर्थिक वर्ष २०८२-०८३ लाई **"शैक्षिक सुधार वर्ष"** घोषणा तथा कार्यान्वयन गरिनेछ।
- सुदृढ स्वास्थ्य सेवाका लागि सबै वडामा स्वास्थ्य संस्थाहरू नियमित सञ्चालन र स्वास्थ्य बिमा सम्बन्धी जनचेतना मूलक कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ।
- कृषि तथा पशुपालनको व्यवसायीकरण, आधुनिकीकरण, बिमा र बजारीकरणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- पर्यटन विकासका कार्यक्रमहरूलाई विशेष महत्त्व दिइनेछ।
- **"एक वडा एक उत्पादन"** पकेट क्षेत्र घोषणा र कार्यान्वयन गरिनेछ।
- घरेलु तथा लघु उद्यमको प्रवर्द्धनमा जोड दिइनेछ।
- विपद् व्यवस्थापनका कार्यक्रमहरूलाई सशक्त बनाइनेछ।
- **"युवासँग नगर प्रमुख"** कार्यक्रम अन्तर्गत ४० जना स्वरोजगार मूलक युवाहरूलाई लक्षित गरी काम गरिनेछ।
- निर्माणाधीन अधुरा संरचनाहरूको निर्माण कार्यमा निरन्तरता र थप नयाँ पूर्वाधार संरचना निर्माणको सुरुवात गरिनेछ।
- सामाजिक समावेशीकरण तथा सामाजिक न्याय लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- आन्तरिक राजस्वका दायराहरूको दिगो वृद्धिमा ध्यान दिइनेछ।
- खानेपानी तथा सरसफाइका कार्यक्रमहरूलाई अगाडि बढाइनेछ।
- पारदर्शिता र संस्थागत सुशासनलाई प्राथमिकतामा राखिनेछ।
- विद्युतीय शासनको माध्यमबाट छिटो, छरितो एवं प्रभावकारी न्याय सम्पादन र सेवा प्रवाह सुनिश्चित गरिनेछ।
- **योजना बैंक निर्माण गरी** दिगो योजना तथा कार्यक्रम व्यवस्थापन गरिनेछ।
- लगानी प्रवर्द्धनका साथै समुचित लगानी व्यवस्थापन सम्बन्धी कार्यक्रम, कार्ययोजना कार्यान्वयन गरिनेछ।
- लगानीकर्ताहरूलाई प्रोत्साहन गरिनेछ।



सुनिता रावल जोरा
नगर उप-प्रमुख

दिर्घ ब.बलायर
नगर प्रमुख

CamScanner

- एन.जी.ओ., आई.एन.जी.ओ. लगायत साझेदार निकायसँगको सहकार्यका लागि डेस्क स्थापना गरिनेछ।
- म्याचिङ्ग फन्ड अन्तर्गत विकासका पूर्वाधार निर्माणमा जोड दिइनेछ।

यी कार्यक्रमहरूले नगरको समग्र विकासलाई गति दिन र नगरवासीको जीवनस्तर सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा राखिएको छ।

## ७. आगामी आर्थिक वर्षका प्राथमिकताका क्षेत्र तथा प्रमुख नीतिहरू

आगामी आर्थिक वर्षमा शिखर नगरपालिकामा तपसिल बमोजिमका विषय तथा क्षेत्रहरूलाई प्राथमिकताका क्षेत्रका रूपमा लिएर विकासका गतिविधिहरू सञ्चालन गर्ने गराउने व्यहोरा यहाँहरू समक्ष प्रस्तुत गर्न चाहन्छु। यी प्राथमिकताका क्षेत्रहरूले नगरको दीर्घकालीन विकास सोच, लक्ष्य र उद्देश्यलाई प्राप्त गर्न मार्गदर्शन गर्नेछन्:

१. **जीवन उपयोगी, गुणस्तरीय, प्राविधिक तथा व्यावसायिक शिक्षा, सीप विकास:** यस नीतिले **गुणस्तरीय शिक्षामा नागरिकको सहज पहुँच सुनिश्चित गर्ने** लक्ष्य राखेको छ। छात्रवृत्तिलाइ निरन्तरता दिइनेछ ।विद्यालय समायोजन र शिक्षक दरवन्दी मिलान कार्यलाइ निरन्तरता दिइनेछ ।

२. **स्वास्थ्य, सरसफाइ, पोषण र सुरक्षित मातृत्व, पोषणमैत्री र बालमैत्री नगर:** नगरपालिकाले **"घर घरमा स्वास्थ्य सेवा, शिखर सरकारको टेवा"** नाराका साथ स्वास्थ्य सेवालाई घरघरमा पुर्याउने लक्ष्य लिएको छ। गर्भवती महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवा, नियमित गर्भजाँच र स्वास्थ्य बिमाका लागि प्रोत्साहन गरिनेछ । कुपोषण न्यूनीकरण, सरसफाइ, फोहोरमैला व्यवस्थापन र वैकल्पिक ऊर्जाको प्रयोगलाई प्राथमिकता दिइनेछ। मानसिक स्वास्थ्य सेवा विस्तार र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि विशेष स्वास्थ्य सेवाहरू प्रदान गरिनेछ ।

३. **कृषिको आधुनिकीकरण,विविधिकरण, व्यवसायीकरण, विशिष्टीकरण तथा बजारीकरण:** कृषि क्षेत्रलाई उत्पादनको प्रमुख क्षेत्रका रूपमा विकास गरी आत्मनिर्भरता तर्फ उन्मुख गराइनेछ। **"एक वडा एक उत्पादन"** कार्यक्रमलाई प्राथमिकता दिइनेछ। रासायनिक मलको प्रयोग



सुनिता रावल जोरा
नगर उप-प्रमुख

दिर्घ ब.बलायर
नगर प्रमुख

निरुत्साहित गरी प्राङ्गारिक खेती प्रवर्द्धन गरिनेछ। किसानहरूलाई उत्पादन सामग्री, न्यूनतम समर्थन मूल्य, र बाली बिमा प्रणाली मार्फत सहयोग गरिनेछ। आधुनिक कृषि सामग्रीको खरिदमा अनुदान, सिँचाइ प्रणालीको विस्तार, कृषि सिकाइ केन्द्र र बहुउद्देश्यीय नर्सरीको स्थापना गरिनेछ। कृषि पर्यटनको प्रवर्द्धन र स्थानीय खाद्यान्नमा आत्मनिर्भरता सिर्जना गरिनेछ। कफी खेतीलाई पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ ।कृषि संकलन केन्द्र, हाटवजार जस्ता क्रियाकलापमा जोड दिइनेछ ।

४. **पर्यटन प्रवर्द्धन तथा उद्यम विकास, नवप्रवर्तनमा जोड:** शिखर नगरपालिकालाई **पर्या-पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक र कृषि पर्यटनका रूपमा विकसित गरिनेछ।** ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको पहिचान, संरक्षण र प्रचारप्रसारमा जोड दिइनेछ। होमस्टे, वनभोज स्थल, र पदमार्ग निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ। **"शिखर भ्रमण वर्ष २०८२"** घोषणा गरी पर्यटन प्रवर्द्धनका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा पहल गरिनेछ। युवा उद्यमशीलता विकास, परम्परागत सीपमा आधारित उद्योगहरूको आधुनिकीकरण र कोसेली घर सञ्चालन मार्फत स्थानीय उत्पादनको बजारीकरणमा सहयोग गरिनेछ।

५. **निष्पक्ष न्याय सम्पादन, सूचना प्रविधिको प्रयोग अभिवृद्धि गरी विद्युतीय शासन मार्फत् सुशासन प्रवर्द्धन र सेवाको विस्तार:** नगरपालिकाले **न्यायमा सहज पहुँच सुनिश्चित गर्न** कानूनी शिक्षा र सचेतना कार्यक्रमहरूलाई निरन्तरता दिनेछ। विद्युतीय शासन (e-governance) लाई प्राथमिकता दिँदै सेवा प्रवाहलाई छिटो, छरितो, सुलभ, जनमुखी र पारदर्शी बनाइनेछ। गुनासो व्यवस्थापन प्रणाली, विद्युतीय भुक्तानी (E.F.T.) प्रणाली र **डिजिटल नागरिक वडापत्र** लागू गरिनेछ। भ्रष्टाचारमा शून्य सहिष्णुताको नीति अवलम्बन गरिनेछ।

६. **नदी नियन्त्रण तथा विपद् व्यवस्थापन:** सेती नदी र शाखा खोलाहरूबाट हुने कटान तथा बाढीको जोखिम न्यूनीकरण गर्न तटबन्ध निर्माण र आवश्यक तारजालीको व्यवस्था गरिनेछ। **विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि** आकस्मिक आश्रय स्थल निर्माण, मौसम पूर्वानुमान सूचना प्रणालीको विकास, र स्थानीय रेडक्रस जस्ता संस्थाहरूसँग समन्वय गरिनेछ। जडीबुटीजन्य वनस्पति रोपण र प्राकृतिक स्रोतको दिगो उपयोगमा जोड दिइनेछ।



सुनिता रावल जोरा
नगर उप-प्रमुख

दिर्घ ब. बलायर
नगर प्रमुख

CamScanner

७. **भू-उपयोग तथा भूमि व्यवस्थापन:** भू-उपयोग नीतिको अनुसरण गरी जग्गाको उपभोग्यतालाई यथोचित कार्यान्वयन गरिनेछ। **ऐलानी, पर्ती जग्गाको संरक्षण र अतिक्रमण रोक्न** पहल गरिनेछ । भूमिहीन, दलित, सुकुम्बासी, मुक्त हलिया तथा अव्यवस्थित बसोबास भएका नागरिकलाई जग्गा धनी प्रमाण पुर्जा वितरण कार्यलाई निरन्तरता दिइनेछ । जोखिमयुक्त र सुरक्षित ठाउँको पहिचान तथा नक्साङ्कन गरी विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी गरिनेछ ।बाँझो जमिनको उपयोगका लागि आवश्यक कृषि कार्यक्रमहरु संचालन गरिनेछ ।

८. **खानेपानी, जलस्रोत तथा ऊर्जा विकास: "स्वस्थ जीवनको आधार, एक घर एक धारा न्यूनतम पूर्वाधार"** नाराका साथ घरघरमा स्वच्छ खानेपानीको धारा पुर्याइनेछ। नयाँ तथा पुराना खानेपानी आयोजनाहरूको निर्माण, सुधार, विस्तार र ट्रिटमेन्ट प्लान्टको व्यवस्था गरिनेछ । लिफ्टिङ्ग प्रविधिबाट खानेपानी उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्युत्को दिगो व्यवस्थापनका लागि नेपाल विद्युत् प्राधिकरणसँग समन्वय गरी सबस्टेशन राख्न पहल गरिनेछ ।

९. **यातायात लगायत भौतिक पूर्वाधारहरू:** शिखर चक्रपथ (रिङ रोड) निर्माणको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार गरी कार्यान्वयन गरिनेछ। निर्माणाधीन अस्पताल, सडक खण्डहरू, पुल, झोलुङ्गे पुल, कल्भर्ट निर्माण र स्तरोन्नतिमा जोड दिइनेछ । **"एक वडा एक नमुना पूर्वाधार निर्माण"** कार्य अगाडि बढाइनेछ । सार्वजनिक निर्माण कार्यहरूमा गुणस्तर सुनिश्चित गर्न मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ । भौतिक संरचनाहरूलाई नागरिकमैत्री, अपाङ्गमैत्री, बालमैत्री र वातावरणमैत्री बनाउन पहल गरिनेछ ।

१०. **आन्तरिक राजस्व वृद्धि, पुँजी निर्माण तथा वित्तीय सुशासन र दिगो वित्त व्यवस्थापन:** नगरको दिगो वित्त व्यवस्थापनका लागि **राजस्व सुधार कार्ययोजना निर्माण गरी आन्तरिक आयमा वृद्धि गरिनेछ**। सम्पत्ति कर, व्यवसाय कर र घरबहाल करको आन्तरिक आयमा योगदान बढाउँदै आगामी ५ वर्षमा ८० प्रतिशत पुर्याइनेछ । कर व्यवस्थापनमा शिक्षा कार्यक्रम, सूचना प्रविधिमा आधारित कर प्रणाली र कर संस्कृति विकासका लागि दण्ड र पुरस्कारको उचित व्यवस्थापन गरिनेछ । पेश्की र बेरुजुको फछ्र्यौटमा तीव्रता दिइनेछ ।



दिर्घ ब.बलायर
नगर प्रमुख

सुनिता रावल जोरा
नगर उप-प्रमुख

**११. खेलकुद, कला, साहित्य, संस्कृतिको संरक्षण तथा प्रवर्द्धन** : युवाहरूलाई दुर्व्यसनिताबाट बचाउन सचेतनामूलक कार्यक्रम र स्वरोजगारमूलक सीप तालिमको व्यवस्था गरिनेछ । ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्त्वका मठ, मन्दिर, पदमार्ग, सम्पदाहरूको संरक्षण र प्रचारप्रसार गरिनेछ। परम्परागत कला, संस्कृति, भाषा र रीतिरिवाजको संरक्षण, संवर्द्धन तथा प्रोत्साहन गरिनेछ ।

**१२. खाद्य सुरक्षा र खाद्यमा पहुँच:** खाद्यान्न बैङ्क स्थापनाका लागि पहल गरिनेछ र अति विपन्न, दीर्घ रोगी, असहाय नागरिकलाई आवश्यक खाद्यान्नको व्यवस्था गरिनेछ। कृषि उपज उत्पादनमा जोड दिँदै खाद्य सुरक्षा सुनिश्चित गरिनेछ।

**१३. स्थानीय न्याय सम्पादन तथा व्यवस्थापन:** नगरपालिकाको न्यायिक समितिका पदाधिकारीहरू र मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता दिइनेछ। **न्यायमा सहज पहुँच सुनिश्चित गर्न** कानूनी शिक्षा र सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

**१४. योजना तथा कार्यक्रम व्यवस्थापन र लगानी व्यवस्थापन:** योजना बैंक तयार गरी योजना छनौट र बजेट विनियोजनमा राष्ट्रिय, प्रादेशिक र नगरको प्राथमिकता अनुरुप सञ्चालन गरिनेछ। योजना/आयोजनाहरूको छनौट प्रक्रियालाई सहभागितामूलक र पारदर्शी बनाइनेछ । ठूला योजनाहरूमा केन्द्र र प्रदेश सरकारबाट बजेट सुनिश्चितता गर्न पहल गरिनेछ । सार्वजनिक, निजी तथा सहकारी साझेदारीमा पूर्वाधार निर्माणमा जोड दिइनेछ ।

**१५. स्थानीय सञ्चार विकास कार्यक्रम:** सूचना प्रविधिको प्रयोगलाई निरन्तरता दिँदै सेवा प्रवाहलाई प्रविधिमैत्री र सहज बनाउन प्रयास गरिनेछ। नगरभरका सबै भूभागहरूमा मोबाइल तथा इन्टरनेट सेवा विस्तारका लागि पहल गरिनेछ । **"नगर डाटा बैंक"** स्थापना गरी सूचना तथा तथ्याङ्कलाई व्यवस्थित गरिनेछ । स्थानीय सञ्चार माध्यमहरूलाई प्रवलीकरण गर्न विभिन्न प्रकारका कार्यक्रमहरू ल्याइनेछ ।

१६. विपद् पूर्वतयारी प्रतिकार्यको लागि विपद् व्यवस्थापन कार्यहरु लागू गरिनेछ ।

१७. नगरप्रोफाइल, आवधिक योजना, संगठन तथा व्यवस्था सर्वेक्षण लगायत आवश्यक प्रोफाइलहरु तयार गरिनेछ ।



दिर्घ ब. बलायर
नगर प्रमुख

सुनिता रावल जोरा
उप-प्रमुख

१८. बालबालिकाको पोषण सुधारमा टेवा पुर्याउन विद्यालयमा करेसा बारी निर्माणमा जोड दिइनेछ।

१९. खानेपानी सरसफाइ स्वच्छताको लागि विद्यालयमा खानेपानी तथा सरसफाइका संरचनाहरु निर्माण गरिनेछ ।

२०. आवश्यक नीति, रणनीति, ऐन, कानून निर्माण गर्दै लगिनेछ ।

२१. आन्तरिक तथा बैदेशिक रोजगारलाइ लक्षित गरी क्षमता विकास तथा सीप विकास तालिमहरु संचालन गरिनेछ ।

२२. विभिन्न सरकारी तथा गैरसरकारी संस्थासंग साझेदारी कार्यक्रम संचालन गर्दै लगिनेछ ।

२३. बालश्रम मुक्त र बालबिबाह न्यूनीकरण गर्नका लागि आवश्यक कार्यक्रमहरु संचालन गर्दै लगिनेछ ।

यी प्राथमिकताका क्षेत्रहरूले शिखर नगरपालिकाको दीर्घकालीन सोच "**शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार आत्मनिर्भर युवापुस्ता, बलियो सरकार**" लाई साकार पार्न मद्दत गर्नेछन्।

दिर्घ ब.बलायर
नगर प्रमुख

## ार्षिक बजेट तथा कार्यक्रम

ागरसभा सदस्यज्यू

अब म आगामी आर्थिक बर्ष ०८२/८३ को बार्षिक आय-व्ययको समष्टि पेश गर्न चाहन्छु ।

### आय तर्फः

| क्र. सं. | शीर्षक | स्रोत | रकम (रु.) |
|---|---|---|---|
| १ | समानीकरण अनुदान | सङ्घीय सरकार | ११ करोड २३ लाख ०१ हजार |
| २ | समानीकरण अनुदान | प्रदेश सरकार | ९९ लाख ९० हजार |
| ३ | सशर्त अनुदान चालूतर्फ | सङ्घीय सरकार | ३४ करोड ०२ लाख |
| ४ | सशर्त अनुदान पूँजीगततर्फ | सङ्घीय सरकार | २ करोड ०७ लाख |
| ५ | सशर्त अनुदान | प्रदेश सरकार | ३५ लाख |
| ६ | समपूरक अनुदान | सङ्घ सरकार | ३ करोड ५७ लाख |
| ७ | विशेष अनुदान | सङ्घ सरकार | १ करोड ५३ लाख |
| ८ | राजस्व बाँडफाँट | सङ्घ सरकार | १२ करोड २३ लाख १२हजार ३४४ |
| ९ | राजस्व बाँडफाँट | प्रदेश सरकार | ४९ लाख ४० हजार |
| १० | समपूरक अनुदान | प्रदेश सरकार | २ करोड ३ लाख |
| ११ | विशेष अनुदान | प्रदेश सरकार | ४० लाख |
| १२ | आन्तरिक आम्दानी (आ.ब.०८१/८२ को मौज्दात समेत) | नगरपालिका | २ करोड १५ लाख |
| जम्मा | | | ७१ करोड ०७ लाख ४३ हजार ३४४ |

### व्यय तर्फ

| क्र.सं. | शीर्षक | रकम |
|---|---|---|
| १. | वडागत योजना तथा प्रशासनिक खर्च | ४ करोड ४० लाख |
| २. | समपुरक तर्फ | १ करोड ७० लाख |
| ३ | नगरपालिका/ शाखागत र नगर योजना तर्फ | ६४ करोड ९७ लाख ४३ हजार ३४४ |
| | | ७१ करोड ०७ लाख ४३ हजार ३४४ |



दिर्घ ब. बलायर
नगर प्रमुख

सुनिता रावल जोशी
नगर उप-प्रमुख

अन्त्यमा,

आदरणीय नगरसभा सदस्यज्यूहरू,

अन्तमा, शिखर नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा नगरपालिकाको प्राथमिकता र नगरवासीका आवश्यकताका साथै स्थानीय सम्भावित पहिचान भएका स्रोत साधनको अधिकतम प्रयोग गर्दै तीव्रतर आर्थिक वृद्धिद्वारा दिगो सुशासित र विकसित नगर बनाउनका लागि सम्पूर्ण प्रयत्न गरिनेछ।

वास्तवमा विकास आफैंमा गतिशील र सकारात्मक परिवर्तनको अनुभूति र नौलो नवपरिवर्तनको विम्ब पनि हो। जनमानसमा सबैलाई छिटो विकास भएको प्रत्याभूतिको खाँचो पनि छ। यसका लागि सामाजिक स्थायित्व, समाज बनावट, भौगोलिक अवस्थिति र साविकका घटनाक्रमले सिकाएको शिक्षालाई बोध गरी, सामाजिक, सांस्कृतिक, मानवीय, स्वास्थ्य, सरसफाइ, पोषण, विपद, लैङ्गिक हिंसावासी आमा बुवा दाजुभाई तथा दिदीबहिनीहरू, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर कार्यपालिकाका सदस्यहरू, नगर सभा सदस्यहरू, शाखा प्रमुखहरूमा हार्दिक आभार व्यक्त गर्दछु।

शिखर नगरपालिकाको यो नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न स्रोत व्यवस्थापन गर्न प्रदेश, संघीय सरकार, सरकारी गैरसरकारी संघसंस्थाहरू, दाता निकाय, अन्तर छिमेकी पालिकाहरु, अन्य पालिकाहरू, सामाजिक अभियानकर्ता, बौद्धिक व्यक्तित्वहरू, विभिन्न राजनीतिक दलहरू र आम नगर तथा जिल्लावासीको पनि महत्त्वपूर्ण भूमिका, समन्वय, सहकार्य, सुझाव सल्लाह तथा सहयोग मिल्ने पूर्ण अपेक्षा लिएका छौं।

धन्यवाद !

सुनिता रावल जोरा नगर उप-प्रमुख

शिखर नगरपालिका, डोटी

मिति २०८२ असार १० मङ्गलबार ।

सुनिता रावल जोरा
नगर उप-प्रमुख

दिर्घ ब.बलायर
नगर प्रमुख